# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) झापा, १ नं प्रदेश, नेपाल, असार २७ गते २०७८ साल ( संख्या१

## भाग १

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन,**

**२०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको कचनकवल गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ |**

## संवत् २०७८ को कचनकवल गाउँपालिकाको आर्थिक ऐन

# कचनकवल गाउँपालिकाको आर्थिक ऐन, २०७८

गाउँसभाबाट पारित मिति- २०७८।०३।२७
राजपत्रमा प्रकाशित मिति- २०७८।०४।०१

**प्रस्तावना:** कचनकवल गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा(२)वमोजिम कचनकवल गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "कचनकवल गाउँपालिकाको आर्थिक ऐन,२०७८" रहेको छ । (२)यो ऐन गाँउ सभाबाट पारित भई कचनकवल गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि कचनकवल गाउँपालिका क्षेत्रमा तुरुन्त लागू हुनेछ ।

२. **सम्पति कर:** गाउँपालिकाक्षेत्रभित्र अनुसूचि (१) वमोजिम सम्पत्ति कर लगाउने र असूल उपर गर्नेछ । स्पष्टिकरण: यस ऐनमा सम्पत्ति कर भन्नाले एकीकृत सम्पत्ति कर, घर जग्गा कर, भूमि कर वा मालपोत तिरो समेतलाई जनाउँदछ ।*

३. **घर वहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) वमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) वमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन कर:**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

६. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (५) वमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहीवमोजिम हुनेछ ।

७. **मनोरन्जन कर:** गाउँपालिकाक्षेत्रभित्र गरिने मनोरन्जन व्यवसायमा अनुसूची (६) वमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।



स्थानीय राजपत्र

८. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (७)वमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **सेवा शुल्क तथासिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची(८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **कर छुटः**यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११. **दण्ड सजाय तथा जरिवाना** : तोकिएका कर, दस्तुर तथा सेवा शूल्क तोकिएको समय सीमामा नबुझाएमा सम्बन्धित दफाको अनुसूचीमा तोकिए वमोजिम दण्ड सजाय तथा जरिवाना सहित असुल उपर गरिनेछ ।

१२. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँ कार्यपालिकाले बनाई लागू गर्न सक्नेछ ।

१३. यस ऐन लेखिएका करका दर तथा दायराहरुमा यसै ऐन वमोजिम हुनेछ । यसमा उल्लेख भएका बाहेक अन्य छुट भएका कर तथा सेवा शुल्क वा दस्तुरका हकमा गाउँ कार्यपालिकाको निर्यण अनुसार हुनेछ जसलाई सो पश्चात बस्ने गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

स्थानीय राजपत्र

**अनुसूची १**
(दफा २ संग सम्बन्धित)
**सम्पति कर**

यस गाउँपालिकावाट एकिकृत सम्पतिकरपुर्ण रुपमालागू नभएसम्म निम्नानुसारका मालपोत तथा घर जग्गा कर वार्षिक रुपमा एकमुष्ट असुल गरिनेछ ।

क) मालपोत तर्फ

- उत्तर दक्षिण, पूर्व-पश्चिममुख्य मार्ग ग्राभेल तथा कालोपत्रे सडकले छोएका जग्गामा प्रति कठ्ठा रु ५०/-
- मुख्य सडक बाहेकका ग्राभेल सडकले छोएको जग्गाः प्रति कठ्ठा रु ३०/-
- कच्ची सडकले छोएको जग्गाः प्रति कठ्ठा रु.२०/-
- बाटोले नछोएका खेतियोग्य जमिनः प्रति कठ्ठा रु १०/-
- ईटा उधोग, चिया खेति तथा बगान, रबर खेति, रुख रोपी वनक्षेत्र विकास गर्ने जग्गाः प्रतिकठ्ठा रु. ४०/-

- ख)घरमूल्याङ्कनतर्फ

| क्षेत्रफल | घरको प्रकार | वजार क्षेत्र | गाउँ क्षेत्र |
|---|---|---|---|
| १००० वर्ग फिट सम्म | पक्कि | ५०० | ४०० |
| १०००-१५०० वर्ग फिट सम्म | पक्कि | ६०० | ५०० |
| १५०० - २००० वर्ग फिट सम्म | पक्कि | ७०० | ६०० |
| २००० -वर्ग फिट भन्दा माथि | पक्कि | ८०० | ७०० |
| १००० वर्ग फिट सम्म | पक्कि, छाना टिनको | ३०० | २०० |
| १०००-१५०० वर्ग फिट सम्म | पक्कि, छाना टिनको | ४०० | ३०० |
| १५०० - २००० वर्ग फिट सम्म | पक्कि, छाना टिनको | ४५० | ३५० |
| २००० -वर्ग फिट भन्दा माथि | पक्कि, छाना टिनको | ५०० | ४०० |
| १००० वर्ग फिट सम्म | कच्चि (पिल्लर नभएको) | २०० | १५० |
| १०००-१५०० वर्ग फिट सम्म | कच्चि (पिल्लर नभएको) | २२५ | १७५ |
| १५०० - २००० वर्ग फिट सम्म | कच्चि (पिल्लर नभएको) | २५० | २०० |
| २००० -वर्ग फिट भन्दा माथि | कच्चि (पिल्ल1र नभएको) | २७५ | २२५ |
| सम्पूर्ण | पूर्ण कच्ची | २० | २० |

ग)सम्पत्ति कर लागू नभए सम्मका लागि घर धुरी कर वार्षिक देहाय वमोजिम लाग्ने छ-

१. पक्की घर एक तले रु. १२५।-
२. पक्की घर एक तला भन्दा माथि भए रु. २००।-
३. एक तले पक्की घर टीनको छाना भए रु. १००।-
४. काठ बनेको टीनको छाना भएको घर भए रु. ७५।-

५. टीनले बनेको भुइँ ढलान भएको रु. ५०।-

६. फुस वा बाँसको टाटी वेरा लगाएको र अन्य साधारण घर भए रु. २५।-

चालु आ.व. भित्रमा सम्वन्धित कर बुझाएमा थप सुल्क बुझाउनु नपर्ने, आ.व. भन्दा समय नाघेको १ बर्ष सम्म थप कुल करको १० प्रतिशत र ६ बर्ष सम्म २५ प्रतिशत, ८ बर्ष सम्म ३५ प्रतिशत र ८ बर्ष भन्दा माथि ५० प्रतिशत थप कर बुझाउनु पर्ने छ तर आ.व. ०७४/७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार लाग्नेछ ।

**अनुसूची २**

(दफा ३ सँग सम्बन्धित)

**घरवहाल कर**

आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएमा सम्वन्धित धनीबाट वहाल रकमको १० प्रतिशत घर वहालकर लाग्ने छ ।

**अनुसूची३**

(दफा ४संग सम्बन्धित)

**व्यवसाय कर**

गाउँपालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा ब्यवसाय कर लगाईदेहायअनुसार दररेट कायम गरिएको छ।

| सि.नं. | कर तथा दस्तुरको विवरण | दर | सि.नं. | कर तथा दस्तुरको विवरण | दर |
|---|---|---|---|---|---|
| क | **हाटबजार पसल कर दैनिक** | | | | |
| १ | कपाल काट्ने हजाम | १५ | १ | गाईगोरु प्रति गोटा | ३०० |
| २ | चामल प्रति मन | १० | २ | रांगा भैसी प्रति गोटा | ३०० |
| ३ | सूर्ती प्रति मन | १०० | ३ | खसी, बाखा, सुगुर प्रति गोटा | १०० |
| ४ | किराना पसल | २० | ४ | पाटा प्रति मन | २० |
| ५ | पापड पकौडा पसल | २० | ५ | तोरी, आलस प्रति मन | १० |
| ६ | मिठाई पसल | २० | ६ | सूर्ती प्रति मन | २०० |
| ७ | चिया पसल | २० | ७ | बांस प्रति टेक्टर | १५० |
| ८ | माछा पसल ठुलो | २० | ८ | बांस प्रति रांगागाडा | ५० |
| ९ | विउ विजन पसल | २० | ९ | बांस प्रति ट्रक | ३०० |
| १० | मासु पसल (प्रति खसी) | ६० | १० | आलु प्याज प्रति मन | १० |
| ११ | सागसब्जी पसल ठुलो | २० | ११ | दाउरा प्रति रांगागाडा | ० |
| १२ | हांसपरेवा प्रति जोडी | १० | १२ | दाउरा प्रति ट्याक्टर | ३०० |
| १३ | खुद्रा सागसब्जी पसल | १० | १३ | दाउरा प्रति ट्रक | ५०० |
| १४ | पान पसल | १० | १४ | सखुवा गोलिया क्यूफीट | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | माछा पसल सानो | १० | १५ | कुकाठ प्रति क्यूफीट | १५ |
| १६ | कांटा थापी खरिद पसल | २० | १६ | घिउ टिन जार | २० |
| १७ | सानो तराजुबाट खरिद पसल | २० | १७ | माटोको भाडा गाडा | २५ |
| १८ | औषधि पसल | २० | १८ | दलहन प्रति मन | २० |
| १९ | लोहार पसल | १० | १९ | अदुवा प्रति मन | २५ |
| २० | छाला मिस्त्री पसल | २० | २० | खसी बाख्राको छाला प्रति वटा | ५० |
| २१ | टर्चलाईट मर्मत पसल | २० | २१ | रांगा भैसीको छाला प्रति वटा | १०० |
| २२ | मोची | १० | २२ | सुपारी प्रति मन | १०० |
| २३ | फलफुल पसल | २० | २३ | कुखुरा प्रति खुगी | ५० |
| २४ | साइकल मर्मत पसल | २० | २४ | कबाडी प्रति साईकल | १५ |
| २५ | मुनीहारी पसल | २० | २५ | हल्दी कांचो प्रति मन | १० |
| २६ | कपडा पसल | २० | २६ | हल्दी सुकेको प्रति मन | ५० |
| २७ | रेडीमेड कपडा पसल | २० | २७ | कोला अनारस प्रति भ्यान | १०० |
| २८ | जुत्ता चप्पल पसल | २० | २८ | कोला अनारस प्रति ट्याक्टर | २०० |
| २९ | टि भि. रेडियो मर्मत पसल | २० | २९ | कोला अनारस प्रति ट्रक | ३०० |
| ३० | ब्याटि चार्ज पसल | २० | ३० | कोला अनारस प्रति बसको हुड | १५० |
| ३१ | सवै प्रकारका चौपाया विक्री | २ प्रतिशत | ३१ | कोला अनारस प्रति साईकल | २० |
| ३२ | नदीजन्य निर्माण सामाग्री विक्री कर (वालुवा तथा पुरुवा) प्रति ट्याक्टर | ५० | ३२ | कोला अनारस प्रति रांगागाडा | ५० |
| | | | ३३ | कर्कटपाता प्रति बण्डल | २५ |
| | | | ३४ | सब्जी (प्रति वसको हुट) | १०० |

गाउँपालिका क्षेत्रमा स्थायी रुपमा व्यपार, व्यवसाय गरी बसेका पसल/ फर्म व्यवसायहरुलाई देहाय अनुसार व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

नोट- व्यपार, व्यवसायको कारोवार पुँजी विवरण देहाए अनुसार रहनेछ ।

१) रु.१० लाख भन्दा माथि वार्षिक कारोवार हुने व्यवसायलाई **क** वर्ग

२) रु. ५ लाख भन्दा माथि १० लाख सम्म वार्षिक कारोवार हुने व्यवसायलाई **ख** वर्ग

३) रु. १ लाख देखि ५ लाख सम्म वार्षिक कारोवार हुने व्यवसायलाई **ग** वर्गमा राखि सोहि अनुसार कर असुल उपर गरिनेछ ।द्ध

| क.सं. | विवरण | दर्ता शुल्क | | | वार्षिक नविकरण शुल्क | | |
|---|---|---|---|---|---|---|---|
| | पसल/फर्म | क | ख | ग | क | ख | ग |
| १ | किराना पसल | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | कपडा पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ३ | होटल मदिरा जन्य | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ४ | हार्डवयर पसल | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ५ | चिया नास्ता मिठाई पसल | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ६ | पुजा सामग्री पसल | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ७ | चिया नास्ता मात्र | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ८ | पान मनिहार भेराइटिज | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| १० | कस्मेटिक पसल | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ११ | कस्मेटिक पसल ,व्यूटी पार्लर | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| १२ | धान,मकै,गहु आदि काँटा | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| १४ | मोटर पार्टस पसल | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| १५ | मोटर साईकल शो रुम | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| १९ | टयाक्टर शो रुम | १५०० | १००० | ५०० | ४००० | ३००० | २००० |
| २० | कम्प्यूटर इन्सटिच्यूट | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २२ | गाडा चक्का बनाउने | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| २३ | कपाल काटने सैलुन | १५०० | १००० | ५०० | १५०० | १००० | ५०० |
| २४ | लुगा सिउने टेलर | १५०० | १००० | ५०० | १५०० | १००० | ५०० |
| २५ | साईकल मर्मत | १५०० | १००० | ५०० | १५०० | १००० | ५०० |
| २६ | पुस्तक स्टेशनरी | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २७ | ग्रील उधोग | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २८ | फर्निचर निमार्ण | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| २९ | काठमिल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ३० | धान,चिउरा,तेल, पिठो मिल | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ३१ | जुता अन्य भेराइटिज पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ३२ | औषधि पसल | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ३३ | वर्क सप | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ३४ | टिभी रेडियो मर्मत | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५ | मलखाद,विउ विजन ,भेटनरी पसल | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ३६ | रेडीयो टि.भी. घडी बिजुली मोवाईल ममर्त केन्द्र | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ३७ | विजुली सामान भेराइटिज | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ३८ | मोटर साईकल शोरुम | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ३९ | सून चाँदी गहना पसल | १५०० | १००० | ५०० | ३००० | २००० | १००० |
| ४० | कोल्ड सेन्टर | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ४१ | मोटर साइकल मर्मत पसल | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ४२ | सिसा पसल | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ४३ | फलामको हतियार निर्माण | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ४४ | फोटो स्टुडीयो | १५०० | १००० | ५०० | २००० | १५०० | ५०० |
| ४५ | माछा मासु पसल | १५०० | १००० | ५०० | १५०० | १००० | ५०० |
| ४६ | टेन्ट हाउस क्याटरीङग साउण्ड सिस्टम | १५०० | १००० | ५०० | २००० | १५०० | १००० |
| ४७ | डेरी उद्योगव्यवसाय / | १५०० | १००० | ५०० | १५०० | १००० | ५०० |

| क. सं. | विवरण | वार्षिक रकम रू. |
|---|---|---|
| १ | शिक्षा सेवा निजी प्राथमिक | १५०० |
| २ | शिक्षा सेवा निजीआधारभूत | २००० |
| ३ | शिक्षा सेवा निजी मावि/ उच्चमावि | २५०० |
| ४ | मनी ट्रान्सफर | १५०० |
| ५ | फाइनान्स कम्पनी शाखा कार्यालय | २००० |
| ६ | वित्तीय ऋण सहकारी संस्था | २००० |
| ७ | विमा कम्पनी | ३००० |
| ८ | ग्यास डिलर | १५०० |
| | परामर्श सेवा | १००० |
| | ड्राईभिङग सेन्टर | १००० |
| | डान्स तथा संगीत सेन्टर | १००० |
| | जीम खाना | १००० |
| ९ | ईटाभट्टा प्रति चिम्नी | २५००० |
| १४ | टी स्टेट प्रा. लि. चीया मिल समेत | २०००० |
| १५ | टी स्टेट प्रा. लि. | ५००० |

| | | |
|---|---|---|
| १६ | काठ मिल | २५०० |
| १० | पेट्रोल पम्म | १०००० |
| ११ | बैङ्क क वर्ग | १०००० |
| १२ | बैङ्क ख वर्ग | ७००० |
| १३ | बैङ्क ग वर्ग | ५००० |
| १४ | बैङ्क घ वर्ग | ३००० |

उपरोत्त माथि नपरेको व्यवसाय हेरी कार्यपालिकाको निर्णय बमोजीम रू.५०० देखि ५००० सम्म कर निर्धारण गरिनेछ ।

यसमा

१.डिलर, एजेन्ट, डिपो, सव डिलर आदि वाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखी पसल वा व्यवसाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिइने छ । यसमा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ ।

२. म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसाय कर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय कर असुल गरिनेछ ।

स्थानीय राजपत्र

## अनुसूची ४

(दफा ५ संग सम्बन्धित)

## सवारी साधन कर

यस गाउँपालिका क्षेत्रभित्र प्रयोगमा रहेका वा वा प्रवेश हुने सवारी साधनहरुलाई देहाय अनुसार लगाइने छ ****

| सि. नं | पटके सवारी कर | दर रू. |
|---|---|---|
| १ | भारतिय नं. प्लेट्, बस, ट्रक, मिनि बस, भ्यान, कार | ५० |
| २ | बस | २० |
| ३ | ट्रक | २० |
| ४ | ट्याक्टर | १५ |
| ५ | चियापत्तीको ट्याक्टर | १० |
| ६ | पिकअप | १० |
| ७ | टोयटा | १० |
| ८ | भ्यान | १० |
| ९ | छ चक्के वा सो भन्दा बढी भार वहन गर्ने मालवाहक गाडीलाई | ५० |
| १० | डोजर, एक्जाभेटर टायरवाला भए | ५० |
| ११ | डोजर, एक्जाभेटर चेनवाला भए | १०० |
| | **सवारी कर बार्षिक** | |
| १ | बस | ३००० |
| २ | ट्रक | ३००० |
| ३ | ट्याक्टर | १००० |
| ४ | पिकअप | १५०० |
| ५ | टोयटा | १५०० |
| ६ | टेम्पो | ५०० |
| ७ | भ्यान | ५०० |

(ख)पट्के सवारी कर सो वापत उठेको कर रकम बाटो मर्मत तथासंभारमा खर्च गरिनेछ। यस्तो पटके सवारी करगाउापालिका आफैंले वा ठेक्का मार्फत उठाउने छ ।

(ग) यसगाउपालिकामा वार्षिक सवारी कर तिरेका सवारीमा, मोटरसाईकल जस्ता सवारीमा, सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

**अनुसूची ५**

(दफा ६ संग सम्बन्धित)

**विज्ञापन कर**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनहरुमा देहाय अनुसारको विज्ञापन करको दररेट कायम गरिएको छ ।

| | |
|---|---|
| (क) साइनवोर्ड प्रति वर्ग फिट | रू. ४०.०० |
| (ख) होडिंगवोर्ड प्रति वर्ग फिट | रू. ७५.०० |
| (ग) ग्लोसाईनवोर्ड प्रति वर्ग फिट | रू. ९०.०० |
| (घ) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्ग फिट | रू. २०.०० |
| (ङ) ब्यानर प्रति हप्ता | रू. १००.०० |
| (च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष | रू. १००.०० |
| (छ) डिजिटल बोर्ड प्रति वर्ग फिट | रू. २००.०० |

**अनुसूची ६**

(दफा ७ संग सम्बन्धित)

**मनोरन्जन कर**

मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउंकार्यपालिका र संचालक बिच आपसी समझदारीमा मनोरन्जनकर शुल्क लिईनेछ। ।

**अनुसूची-७**

(दफा ८ संग सम्बन्धित)

**पार्किङ्ग शुल्क**

गाउँपालिका क्षेत्रभित्र पार्किङ्ग स्थल व्यबस्थित गरी सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत देहाय बमोजिमको पार्किङ्ग शुल्कको दररेट कायम गरिएको छ ।

- दुई पाङ्ग्रे सवारी साधनलाई प्रति दिन — रु.५।-
- ट्याक्सीलाई प्रति दिन — रु.१०।-
- यात्रुवाहक बसलाई प्रति दिन — रु.२०।-
- मालवाहक ठूला गाडिहरुलाई प्रति दिन — रु.५०।-

**अनुसूची-८**

(दफा ९संग सम्बन्धित)

**सेवा शुल्क तथा सिफारिस दस्तुर**

गाउँपालिका क्षेत्रमा देहाय अनुसारको सिफारिस दस्तुर कायम गरिएको छ।

| क्र स | विवरण | रकम रु |
|---|---|---|
| १ | निवेदन वापत | १० /- |
| २ | साधारण सिफारिस | २०० /- |
| ३ | घर वाटो सिफारिस | २००/- |
| ४ | चार किल्ला सिफारिस | २००/- |
| ५ | मोहि लगत कट्टा सिफारिस | २००/- |
| ६ | जोत भोग सिफारिस | २००/- |
| ७ | सर्जमिन सहित सिफारिस | ५००/- |
| ८ | मिलापत्र दस्तुर रु. २०००० सम्म रु. ५०० त्यस भन्दा माथि रु. १००० लिने (दुबै पक्षवाट आधा आधा व्यहोरिने) | १०००/- |
| ९ | उजुरी तथा मुद्धा दर्ता दस्तुर | १००/- |
| १० | नाता प्रमाणित २ जना सम्मलाई | ३००/- |
| ११ | नाता प्रमाणित २ जना भन्दा थप प्रति व्यक्ति लाग्ने | १०० /- |
| १२ | घर कायम | ५००/- |
| १३ | ५ करोड भन्दाबढी लगानी गरेका ठुला उद्योग दर्ता | ५००००/- |
| १४ | ठुला उद्योग दर्ता | २५०००/- |
| १५ | मझौला उद्योग दर्ता | १०००० /- |
| १६ | साना तथा घरेलु उद्योग | १०००/- |
| १७ | व्ययसाय सूचिकृत तथा नविकरण | १०००/- |
| १८ | निजी विद्यालय दर्ता प्रा.वि | ५०००/- |
| १९ | निजी विद्यालय दर्ता आ.वि. | ७०००/- |
| २० | निजी विद्यालय दर्ता मा..वि | १००००/- |
| २१ | निजी विद्यालय नविकरण | २०००/- |
| २२ | निजी विद्यालय कक्षा तथा विषय थप (आधारभूत तह) | ३०००/- |
| २३ | निजी विद्यालय कक्षा तथा विषय थप (माध्यमिक तह) | ५०००/- |
| २४ | सामूदायिक विद्यालय कक्ष थप (आधारभूत तह) | १०००/- |
| २५ | सामूदायिक विद्यालय कक्ष थप (माध्यमिक तह) | २०००/- |
| २६ | निजी विद्यालय ठाउँसारी, नामसारी तथा नाम परिवर्तन | ३०००/- |
| २७ | निजी विधालय कक्षा ८ को परिक्षा शुल्क प्रति विधार्थी | २५०/- |
| २८ | मदरशा गुरुकुल दर्ता | ३०००/- |
| २९ | चाइल्डकेयर सेन्टर दर्ता | २०००/- |

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| ३० | संस्था दर्ता (टोल विकास संस्थ निशुल्क) | १०००/- |
| ३१ | संस्था नविकरण | ५००/- |
| ३२ | घर नक्सापास (प्रति व. फि.)<br>यस आ.व.देखि घर निर्माण इजाजत वेगर घर निर्माण गरेमा सशप्रतिशत जरिवाना असुल गरी घर नक्सा कायम गरिने छ | ५/- |
| ३३ | घर नक्सा जाँचका लागि अमिन सेवा शुल्क प्रति घर | ५००।- |
| ३४ | घर जग्गा मुल्यांकन | ०.१% |
| ३५ | पञ्जिकरण तर्फ शुल्क | ३५ दिन सम्म निशुल्क |
| ३६ | ३५ दिन पछि जहिले आए पनी | ५०/- |
| ३७ | पञ्जिकरण प्रतिलिपी | १००/- |
| ३८ | पञ्जिकरण सम्वन्धी अन्य सिफारिस वा प्रमाणिकरण | २००/- |
| ३९ | अमिन सेवा शुल्क | |
| ४० | घडेरी जग्गा प्रति कित्ता | १०००/- |
| ४१ | खेतियोग्य जग्गा १० कठ्ठा सम्म | ५००/- |
| ४२ | १० कठ्ठा भन्दा माथी प्रति कठ्ठा थप | ५०/- |
| ४३ | निजी विद्यालय बैंक खाता खोल्ने बन्द गर्ने सिफारिस | ५००/- |
| ४४ | निजी विद्यालय नविकरण | ५००/- |
| ४५ | पशु पंक्षी जाँच सेवा तर्फ | |
| ४६ | बाख्रा जाँच सेवा प्रति गोटा | ५/- |
| ४७ | गाई/ भैसी प्रति गोटा | २०/- |
| ४८ | कुकुर/बिरालो प्रति गोटा | ५०/- |
| ४९ | घोडा प्रति गोटा | १००/- |
| ५० | पंक्षीजन्य प्रति गोटा | २/- |
| ५१ | पशु सेवा प्रदायक इजाजत शुल्क | ५००/- |
| ५२ | निर्माण व्यवसायी इजाजत | ३०००/०० |
| ५३ | निर्माण व्यवसायी इजाजत नविकरण | २०००/०० |

तर

१) यस गाउंपालिका अन्तरगत सन्चालन हुने गाउपालिका वा जिल्ला वा प्रदेश वा केन्द्रीय आयोजनाहरू, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, विपद् व्यवस्थापन र जेष्ठ नागरिक भत्ता प्राप्तिको लागि गरिने सिफारिसहरूमा सिफारिस दस्तुर छुट दिईने छ ।

२) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐनसँगनबाझिने गरी कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ । सो निर्णयहरु गाउँ सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

आज्ञाले,
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत